त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाण्डौं ।

प.सं./च.नं.

**शोधपत्रको मस्यौदा (Draft) बुझाउनेसम्बन्धी सूचना ।**

**प्रकाशित मिति २०८१/११/०६ गते ।**

यस अध्ययन संस्थान, डीनको कार्यालयवाट सञ्चालित स्नातकोत्तर कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष ०७९।०८० (रोल नं. २०२२ कायम गरेका) मा भर्ना भएका विद्यार्थीहरुले मुख्य सल्लाहकार सहित ३ जना सल्लाहकार समितिको हस्ताक्षर भएको थेसिसको ड्राफ्ट मिति २०८१।११।२७ गतेभित्र बुझाउँन यो सूचना प्रकाशित गरिएको छ । कुनै विषय तथा सेमिनार उत्तिर्ण नभएका विद्यार्थीहरुको हकमा भने मिति २०८१/११/२८ गतेलाई नै आधार मानी कोर्ष रजिष्ट्रेशन गर्नु पर्नेछ । ड्राफ्ट बुझाउँनको लागि तपशिलका बुँदाहरुमा ध्यान दिनु पर्नेछ ।

तपशिल :

१. विषयगत सबै परीक्षाहरु, Comprehensive परीक्षा र Result Seminar उत्तिर्ण हुनु पर्नेछ ।

२. थेसिस ड्राफ्टमा सल्लाहकार समितिका अध्यक्ष र सदस्यहरुको अनिवार्य हस्ताक्षर भएको हुनु पर्नेछ ।

३. हस्ताक्षर भएको १ प्रति थेसिस ड्राफ्ट कृ.प.वि.अ.सं.स्नातकोत्तर भवन, कीर्तिपुरमा बुझाउँनु पर्नेछ । Presentation हुने दिनमा भने ७ प्रति प्रष्ट बुझिने Presentation Slide ल्याउनु पर्नेछ ।

४. थेसिस ड्राफ्ट PG Bulletin मा उल्लेख गरेको ढाँचा अनुसार हुनु पर्नेछ । सो ढाँचा अनुसार नभएमा प्रस्तुतीकरणको लागि अयोग्य मानिनेछ ।

५. कृ.प.वि.अ.सं.स्नातकोत्तर भवन, कीर्तिपुरमा बुझाएको थेसिस ड्राफ्ट नै अन्तिम प्रारुप मानी मूल्याङ्कन गर्ने भएकोले सोही अनुसार Presentation Slide बनाउनु पर्नेछ ।

६. थेसिस ड्राफ्ट बुझाउँन विद्यार्थी स्वयम आउनु पर्नेछ ।

७. मिति २०८१।११।२७ गतेभित्र ड्राफ्ट बुझाउँन नसकेका वा प्रक्रिया नपुगी ड्राफ्ट अस्वीकृत भएका विद्यार्थीको हकमा मिति २०८१/११/२८ गतेलाई नै आधार मानी कोर्ष रजिष्ट्रेशन गर्नु पर्नेछ ।

८. सल्लाहकार समितिको अद्यावधिक नभएका विद्यार्थीहरुको थेसिस ड्राफ्टको हकमा Advisory Team Form भरी उक्त फाराम ड्राफ्ट थेसिससाथ बुझाउनुपर्नेछ ।

९. यसै सूचना साथ संलग्न फाराम ड्राफ्ट थेसिसमा राखी सूचनामा उल्लेखित शाखा/महाशाखा र स्नातकोत्तर संयोजकलाई प्रमाणित गराई स्नानतकोत्तर भवनमा बुझाउँनु पर्नेछ ।

डा. पुष्पराज पौडेल
सहायक डीन (शिक्षण)

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाण्डौं ।

प.सं./च.नं.

कृषि र पशु विज्ञान अध्ययन संस्थानबाट सञ्चालित स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीले थेसिसको मस्यौदा बुझाउँने प्रयोजनका लागि तयार पारिएको फाराम:

विद्यार्थीको नाम:                                        रो.नं. R-

मोबाइल नम्बर:

| क्र.सं. | शाखा/महाशाखा | विवरण | प्रमाणित हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक प्रशासन शाखा | शुल्क बुझाउँन बाँकी छ/छैन । | | |
| २ | परीक्षा नियन्त्रण महाशाखा | सबै विषयहरु उत्तिर्ण भएको छ/छैन । | | |
| | | Comprehensive परीक्षा उत्तिर्ण भएको छ/छैन । | | |
| | | Result Seminar उत्तिर्ण भएको छ/छैन । | | |
| ३ | स्नातकोत्तर कार्यक्रम | थेसिस डिफेन्सको लागि न्यूनतम मापदण्ड पुगेको छ/छैन । | | |

______________
विद्यार्थीको हस्ताक्षर

______________
बुझिलिने